# नौकुण्ड गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
सरमथली, रसुवा, बागमती प्रदेश, नेपाल

प.सं: ०७७/०७८
च.नं:

मिति: २०७७/०८/१२

## न्युनतम रोजगारीमा संलग्न हुनको लागि निवेदन दिने बारेको सूचना।

रोजगारीको हक सम्बधि ऐन, २०७५ को दफा ११, रोजगारीको हक सम्बन्धि नियामावली, २०७५ को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा १८ बमोजिम आर्थिक वर्ष २०७७/०७८ मा स्थानीय तह मातहत रहेको रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने १०० दिन बराबरको न्युनतम रोजगारीमा संलग्न भई सार्वजनिक विकास निर्माणको काममा योगदान गर्न ईच्छुक बेरोजगार व्यक्तिहरुले मिति २०७७ भाद्र ५ गते सम्ममा आफुले स्थाई बसोबास गरेको स्थानीय तहको सम्बन्धित वडा कार्यालयमा बेरोजगार व्यक्तिको सुचिमा सुचिकृत हुन निवेदन दिनहुन सूचना प्रकाशित गरिएकोमा कुनै पनि वडाबाट निवेदन प्राप्त नभएको हुँदा २०७७/०८/२० सम्ममा निवेदन दिनुहुन पुन: यो सूचना प्रकाशित गरिएको छ। निवेदनको ढाँचा सम्बन्धित वडा कार्यालय, रोजगार सेवा केन्द्र, नौकुण्ड गाउँपालिका तथा प्रधानमन्त्री रोजगार कार्यक्रमको वेवसाईट *www.pmep.gov.np* अथवा *https://naukundamun.gov.np/rojgaar_registration_notice* बाट निशुल्क प्राप्त गर्न सकिनेछ।

निवेदनका साथ् पेश गर्नु पर्ने कागजातहरु :

१. निवेदनको साथ १ प्रति नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।

२. निवेदनको साथ १ प्रति पासपोर्ट साईजको फोटो।

३. निवेदकको सहित परिवारको सम्पूर्ण सदस्यहरुको नाम, जन्ममिति, नागरिकता नं., जारीमिति तथा जिल्ला।

४. निवेदक सहित परिवारको सम्पूर्ण सदस्यको शैक्षिक योग्यता, सिप, दक्षता तथा रोजगारीको अवश्था (स्वदेश, विदेश तथा स्वरोजगार)

५. कुल वार्षिक आय, परिवारको सबै सदस्यहरुको सामाजिक सुरक्षा कोष, अन्य सरकारी कोष वा रोजगारदाताबाट कुनै सहायता या आम्दानि लिएको वा नलिएको विवरण।

६. निवेदनमा उल्लेखित सम्पूर्ण विवरण अनिवार्य रुपमा भरेको र वडा कार्यालयबाट प्रमाणित भएको निवेदन मात्र सुचिकृत गरिनेछ।

थप जानकारीका लागि सम्बन्धित वडा कार्यालय तथा रोजगार सेवाकेन्द्र नौकुण्ड गाउँपालिका अथवा ९८०३००६२५२ मा सम्पर्क गर्न सकिनेछ।

राम कुमार तामाङ लामा
रोजगार संयोजक